(बैठक नं. ११)

आज मिति २०८२ माघ २१ गते बुधबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा आ.व. २०८२/०८३ को एघारौं कार्यपालिका बैठक बस्यो।

<u>उपस्थितिः</u>

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २. | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३. | श्री तिल प्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४. | श्री कृष्ण बहादुर के.सी. | सदस्य | |
| ५. | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६. | श्री होमनाथ पौडेल | सदस्य | |
| ७. | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८. | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९. | श्री मिन बहादुर सोती मगर | सदस्य | |
| १०. | श्री भुमिसरा आले | सदस्य | |
| ११. | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२. | श्री बलिराम सापकोटा | सदस्य | |
| १३. | श्री रेसी कुमार घर्ती | सदस्य | |
| १४. | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५. | श्री एकदेव पौडेल | सदस्य | |
| १६. | श्री गोपाल थापा | सदस्य | |
| १७. | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८. | श्री केशब राज गौतम | सदस्य | |
| १९. | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २०. | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१. | श्री मधु माया गुरुङ | सदस्य | |
| २२. | श्री फूल माया वि.क. | सदस्य | |
| २३. | श्री पार्वती कंडेल | सदस्य | |
| २४. | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५. | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६. | श्री जय बहादुर वि.क. | सदस्य | |
| २७. | श्री गिता देवी बोटे | सदस्य | |
| २८. | श्री अशोक कोइराला | सचिव | |

२९ श्री राम प्रसाद शर्मा — उप-सचिव
३० श्री डिपलाल ओली — अधिकृत आठौं
३१ श्री भिम सापकोटा — अधिकृत सातौं
३२ श्री टिकाराम बजाल — संयोजक

देवचुली नगरपालिकाको आ.व. २०८२/०८३ को एघारौं कार्यपालिका बैठक २०८२ माघ २१ गते बुधबार;

छलफलका विषयहरुः

१. सामुदायिक प्राकृतिक चिकित्सालयको पत्र सम्बन्धमा ।
२. आ.व. २०८३/०८४ का लागि सङ्घीय समपुरक तथा विशेष अनुदानका योजना छनौट सम्बन्धमा।
३. वनको कार्ययोजना संशोधन तथा सीमा निर्धारण सम्बन्धमा।
४. निजी जग्गा व्यवस्थापन IEE प्रतिवेदन सम्बन्धमा।
५. वौलाहा खोलाको IEE प्रतिवेदन तथा अनुगमन सम्बन्धमा।
६. निजी जग्गा व्यवस्थापन सम्वन्धमा।
७. निजी जग्गाबाट संकलित माटो निकासी अनुमति सम्बन्धमा।
८. कृषिजन्य स्थानीय उत्पादन घुम्ती व्यवसाय संचालन मापदण्ड, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।
९. सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।
१०. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा योजना माग तथा सिफारिस सम्बन्धमा।
११. विद्यालयको कार्यसम्पादनमा आधारित मूल्याङ्कन कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।
१२. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा।
१३. डेरी र साईलेज प्रर्वधन कार्यक्रम संचालन सम्बन्धमा ।
१४. गाई पकेट विकास कार्यक्रम संचालन सम्बन्धमा ।
१५. विपन्न नागरिक आवास निर्माणका लागि स्थान छनौट सम्बन्धमा।
१६. आन्तरिक रोजगारी प्रवर्द्धन अन्तर्गतको बजेट बाँडफाँड सम्बन्धमा।
१७. HPV खोप संचालन सम्बन्धमा।
१८. वहुक्षेत्रीय पोषण योजना अन्तर्गतको कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
१९. सडक वोर्ड अन्तर्गतका योजना छनौट सम्बन्धमा।
२०. नव प्रर्वधन साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
२१. इन्धन उपलब्ध गराउने सम्बन्धमा।
२२. फोहोरमौला व्यवस्थापनको लागी म्याद थप सम्बन्धमा ।
२३. सम्पत्तिकर संकलन सम्बन्धमा।
२४. करार म्याद थप सम्बन्धमा ।

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

...प्रसाद न्यौपाने
नगर प्रमुख

# देवचुली नगरपालिकाको ११ औ कार्यपालिका बैठक निर्णयहरु २०८२।१०।२१

१. देवचुली नगरपालिका वडा नं १६ स्थित सामुदायिक प्राकृतिक चिकित्सालयले आर्थिक वर्ष २०८२।८३ बाट योग र प्राकृतिक चिकित्सा क्षेत्रमा वि.एन.वाई.एस (चिकित्सक) उत्पादन गर्ने उदेश्यले शिक्षण अस्पताल संचालन गर्नको लागी सामुदायिक प्राकृतिक चिकित्सायल सहित सर्वपक्षीय, सर्वदलिय, बौदिक व्यक्तित्व तथा विभिन्न व्यक्तित्वहरुको उपस्थिति रहेको आम भेलाको मिति २०८२।०८।०२ को निर्णय , देवचुली नगरपालिका वडा नं १६ स्थित संचालन रहेको देवचुली प्रा.वि ले भोग चलन गर्दै आएको फिल्डबुकमा स्कूल क्षेत्र उल्लेखित सिसवार ४ घ कि.नं ३९६ (हाल कि.नं ६१८ क्षेत्रफल ०-११-१५) जग्गा उक्त स्कुल देवचुली मा.वि रजहर सँग मिति २०८१।०८।०७ देखि समायोजन भएकोले विद्यालयको भैतिक संरचना र जग्गा प्रयोग विहिन अवस्था रहेकोले संमायोजन भएको देवचुली माध्यामिक विद्यालय रजहर सँग अनुरोध भएकोमा देवचुली माध्यामिक विद्यालय व्यवस्थापन समिति सहितको सर्वपक्षीय, सर्वदलिय, बैदिक व्यक्तित्व तथा विभिन्न व्यक्तित्वहरुको उपस्थितिमा राय सुझाव पेश गर्ने समिति गठन गरी समिति बाट उल्लेखित जग्गा सामुदायिक प्राकृतिक चिकित्सालयलाई शिक्षण अस्पताल संचालन गर्न प्रयोजनका लागी उपभोग गर्न दिन सकिने सुझाव सहित सफारिस गरेको, देवचुली माध्यामिक विद्यालय व्यवस्थापन समितिको मिति २०८२।१०।१३ गतेको निर्णबाट विद्यालयको भोगचालनमा रहेको जग्गाको स्वामित्व नेपाल सरकार बाट निर्णय भए बमोजिम रहेने गरी हाल सो जग्गा कानूनी आधारमा कुनै पनि संघ संस्थालाई हस्तान्तरण गर्ने अधिकार विद्यालय सँग नभएको अवस्थामा सो जग्गाको संरक्षण, व्यवस्थापन, उपयोग र बाधा अड्काउ फुकाउनको लागी नगरपालिका अनुरोध गर्ने पत्र प्राप्त भएको, देवचुली नगरपालिका १६ नं वडा कार्यालय बाट मिति २०८२।१०।१५ को पत्रमा उल्लेखित व्यहोरा सहितको सिफारिस पत्र प्राप्त भएको तथा सामुदायिक प्राकृतिक चिकित्सालयको मिति २०८२।१०।१५ गतेको पत्र बाट उल्लेखित जग्गामा नेपाल प्राकृतिक चिकित्सा सामुदायिक शिक्षण अस्पताल संचालन गरी वि.एन.वाई.एस (चिकित्सक) कार्यक्रम संचालनको लागी सम्बन्धित निकायमा पहल र सिफारिसको लागि अनुरोध भई आएकोले नियमअनुसार प्रक्रिया अगाडी बढाउनको लागी जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पू)मा अनुरोध गर्ने निर्णय गरियो ।

२. आर्थिक वर्ष २०८३।८४ को लागि संघिय समपुरक र विशेष अनुदान तर्फका योजना छनौटका लागि राष्ट्रिय योजना आयोगबाट प्रस्ताव आवह्वान भएकोले तपसिलका योजनाहरु प्रस्ताव सहित विवरण तयार गरी पठाउने निर्णय गरियो ।

<u>समपुरक अनुदान तर्फः</u>

क. देवचुली नगरपालिकाको ( वडा नं १ देखि १७ सम्मको ) रिङ रोड अन्तर्गत वडा नं १ तल्लो केउरेनी चोकदेखि वडा नं १७ को प्रिप्रहर होमस्टे-धुसेरी सामुदायिक वन-ठूलो भन्ज्याङ-सिरान होटल-सिताबास पूर्वटोल-६ नं वडा कार्यालय देखि बाल किरण आधारभूत विद्यालय-पंगेनीचोक-कालिका मा.वि शान्तिदीप चोक- परिवर्तन चोक देखि चुवाडी चोक-वडा नं १ नाराणणी टोल हँदै तल्लो केउरेनी चोक सम्म सडक निर्माण क्रमागत ।

ख. रजहर चोक देखि बगेरी खेत हुदै आँपचौर पिकनिक स्पोर्ट जाने बाटो (पूर्वधार निर्माण)

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

[illegible]प्रसाद न्यौपाने
नगर प्रमुख

विशेष अनुदान तर्फः

क. जंगली जनावर बाट हुने जोखिम न्यूनीकरण एवमं कृषि बालिमा हुने क्षतिलाई कम गरी उत्पादन र उपादकत्व वृद्दि गर्न नारायणी नदी तर्फ पक्की ढलान सहितको पर्खाल र फेसिंङ वार लगाउने कार्य,

ख. विपन्न समुदायको लागी नमूना आवास निर्माण ।

३. नगरपालिकामा बसोबासी गर्ने भूमिहिन सुकुम्बासी ,भूमिहिन दलित र अव्यवस्थिति बसोबासिहरुलाई बसोबास गर्दै आएको स्थानमा भूमि समस्या समाधान आयोग मार्फत जग्गा उपलब्ध गराई निजहरुको भूमि सम्वन्धी समास्या समाधन गर्ने योजना अनुरुप लाभग्राही पहिचान, निवेदन संकलन तथा केहि जग्गाहरुको नाप जाँच समेत भईसकेको अवस्था छ। वडा नं ४,५,६,१६ र १७ नं वडाहरुको लागग्राही पहिचान, निवेदन संकलन र जग्गा नाप जाँच समेत भई थप प्रक्रियाको आगाडी बढाउने सन्दर्भमा उल्लेखित वडाहरुमा लामो समय देखि (सामुदायिक वन दर्ता हुनु भन्दा आगाडी देखि वसोबास गर्दै आएको) बसोबास रहेको कतिपय मानव बस्ति समेत सामुदायिक वन क्षेत्र भित्र रहेको नक्सा भिडान बाट देखिन आएकोले तपसिल बमोजिमका वनहरुबाट उक्त मानव बस्तीहरु वन क्षेत्र बाहिर रहने गरी वनको कार्ययोजना स्वीकृत तथा वनको पुन सिमा निर्धारण गर्नेको लागी सम्बन्धित निकायमा सिफारिसको लागि तपसिलमा उल्लेखित सामुदायिक वनहरुको साधरण सभाको निर्णय सहित वडा कार्यालयको सिफारिस प्राप्त भएकोले नियम अनुसार कार्य प्रक्रिया अगाडी बढाईदिनुहुनको लागी डिभिजन वन कार्यालय, कावासोतिमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं | वनको नाम | कूल क्षेत्रफल (हेक्टरमा) | मानव बस्ती भएको अनुमानित भएको क्षेत्र (हेक्टरमा) | सामुदायिक वन क्षेत्रभित्र बसोबासी गर्नेको भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी (घर परिवार) |
|---|---|---|---|---|
| १ | अमर ज्योती सामुदायिक वन, देवचुली ४ | ३४४.५९ | ८६.४६ | ३९४ |
| २ | अमर सामुदायिक वन, देवचुली ५ र ६ | ३११.५४ | ३७ | १२८ |
| ३ | चैतारी सामुदायिक वन | ३६०.२१ | ६ | ५५ |
| ४ | धुसेरी सामुदायिक वन | ४०२.१३ | ११ | ९९ |
| ५ | वरटाँडी सामुदायिक वन | ३९.२७ | २३ | १८३ |
| जम्मा परिवार | | | | ८५९ |

२०८५/१०/२९
अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

२०८१/१०/२९

४. यस कार्यपालिका बैठकमा स्वीकृतिका लागि पेश भई आएका देवचुली नगरक्षेत्र भित्रका निजि जग्गा बाट ढुंगा/माटो उत्खनन तथा संकलन कार्यको तपसिलका वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी नियमानुसारको राजश्व अग्रीम दाखिला गर्न लगाई जग्गाधनी अथवा जग्गाधनीले तोकेको फर्म/कम्पनी संग सम्झौता गरी उत्खनन तथा संकलन गर्ने कार्यको लागि इजाजत दिने निर्णय गरियो ।

तपसिल

| क्र.स | वातावरणीय अध्ययन प्रतिवेदन | उत्खनन् तथा संकलन हुने परिमाण | संकलन हुने राजश्व (मु.अ.क र अ.आ.क सहित ) |
|---|---|---|---|
| १ | देवचुली नगरपालिका वडा नं ७ बस्ने मानबहादुर दर्लामीकोको नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ८ क कित्ता नं ७८५ , देवचुली नगरपालिका वडा नं ७ बस्ने नन्दुकुमारी तिवारीको को नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ८ क कित्ता नं ८६३ र १४३ , देवचुली १२ बस्ने एकावाली भुर्तेलको नाममा दर्ता कायमरहेको साविक प्रगतिनगर ८ क कित्ता नं ११५९ र ८७ र १०९८ र भुमा आचार्यको नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ९ क कित्ता नं ८८० को जग्गाबाट ढुंगा/माटो उत्खनन तथा संकलन गर्ने कार्यको वातावरणीय अध्ययन प्रतिवेदन । | ९६४.४३१ घ.मी ढुंगा ११९३.८२ घ.मी माटो | रु ५,१९,९१३ |
| २ | देवचुली वडा नं ७ स्थित भरत सुवेदीको नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ८क कित्ता नं ७३७ ,७४०,७४४,७४६,७४६,७४१,७३६,७३८,७३९,७४५,७४२ ,७४३ को कुल ५६.६४ कठ्ठा | ९३६३घ.मी माटो ९३७.१ ढुंगा | 16,६६,०८५ |

५. यस कार्यपालिका बैठकमा स्वीकृतिका लागि पेश भएको बौलाहा खोलाबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यका लागि गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गरी आवश्यक अनुगमनका लागि जिल्ला समन्वय समितिलाई जानकारी गराउने निर्णय गरियो ।

२०८१/१०/२९
अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

६. निजि जग्गा ब्यबस्थापनका लागि निवेदन पेश भएका तपसिल बमोजिमका जग्गाधनीलाई खेतीयोग्य जग्गा बनाउने प्रयोजनार्थ जग्गा ब्यबस्थापन अनुमति दिने निर्णय गरियो

तपसिल

| क्र.स | जग्गा धनी तथा जग्गा को विवरण | ढुंगा/माटो उत्खानन संकलन हुने परिमाण | संकलन हुने राजश्व (मु.अ.क र अ.आ.क सहित ) |
|---|---|---|---|
| १ | देवचुली नगरपालिका वडा नं ७ बस्ने श्री शान्ति देवी भुसालको नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ८ क कि नं १७९,( ०-२-१४.५) क्षेत्रफलको जग्गा। | १५० | रु२१२२९ |
| २ | देवचुली नगरपालिका वडा नं ७ बस्ने श्री शान्ति देवी भुसालको नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ८ क कि नं ५२२ , (०-१-१० ) क्षेत्रफलको जग्गा। | ९० | रु .12,७३७ |
| ३ | देवचुली नगरपालिका वडा नं ६ बस्ने श्री तिल बहादुर चितौरे नाममा दर्ता कायम रहेको साविक देवचुली ५ क कि नं ६४३ , (०-२-१४ ) क्षेत्रफलको जग्गा। | उत्खनन /संकलन गरी बाहिर निकासी नगर्ने | |
| ४ | देवचुली नगरपालिका वडा नं ६ बस्ने श्री लाल बहादुर चितौरे नाममा दर्ता कायम रहेको साविक देवचुली ५ क कि नं ६४७ , (०-४ -८) क्षेत्रफलको जग्गा। | उत्खनन /संकलन गरी बाहिर निकासी नगर्ने | |
| ५ | देवचुली नगरपालिका वडा नं ७ बस्ने श्री सिता न्यौपानेको नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ख ३६३ क्षेत्रफल (०-२-२-२.५) को जग्गा । | उत्खनन /संकलन गरी बाहिर निकासी नगर्ने | |
| ६ | देवचुली नगरपालिका वडा नं ३ बस्ने श्री हरि बहादुर कोईराला को नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर १ क कि नं ४५४ क्षेत्रफल (०-६-१०.२५-०) को जग्गा । | उत्खनन /संकलन गरी बाहिर निकासी नगर्ने | |

२०७५।१०।२३
अशोक कोईराला
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

७. देवचुली वडा नं २ दुम्कौली टोल बस्ने ठाकुर प्रसाद शर्माको स्वामित्वमा रहेको कित्ता नं ७१८ को जग्गामा निजि प्रयोजनका लागि स्टक गरी राखिएको ३१५ घ.मी माटो, देवचुली वडा नं १२ अन्तर्गत मिना बहादुर थापा को नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ४ ग कित्ता नं ७८ ४ र ७ बाट १५० घ.मी र कृष्ण प्रसाद तिवारी को नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ४ ख कित्ता नं क्रमश २५८ , २५९ को जग्गा बाट १५० घ.मी माटो नियमानुसारको राजश्व बुझाई ढुवानीको अनुमति दिने निर्णय गरियो।

८. देवचुली नगरपालिका भित्रका स्थानीय कृषि उपजको बजारीकरण प्रवर्दन गर्न कृषिजन्य स्थानीय उत्पादन घुम्ति व्यवसाय संचालन मापदण्ड २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

९. देवचुली नगरपालकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि,२०८२ स्वीकृत गर्ने निर्णय गरियो।

१०. देवचुली नगरपालिकाका तपसिल अनुसारका सामुदायिक विद्यालयहरुले तपसिल अनुसारका कार्यक्रमहरु माग गरेकोमा देवचुली नगरपालिकामा हाललाई सो प्रकृतिको कार्यक्रम तथा बजेट व्यवस्थापन नभएको तथा माग गरेका कार्यक्रमहरु विद्यालयलाई अत्यावश्यक भएकोले शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | विद्यालयको नाम | आवश्यक कार्यक्रम |
|---|---|---|
| १. | कालिका मा.वि.देवचुली -९ | फर्निचर व्यवस्थापन |
| २. | वरचुली मा.वि.देवचुली -१७ | पुस्तकालय व्यवस्थापन |
| ३. | सकलादेवी मा.वि.देवचुली -५ | Interactive White Board<br>फर्निचर व्यवस्थापन |
| ४. | पशुपति साङ्गवेद आवासिय संस्कृत मा.वि.देवचुली -१५ | पुस्तकालय र सभाकक्ष निर्माण |
| ५ | पृथ्वी माध्यमिक विद्यालय, देवचुली १० | शौचालय निर्माण |
| ६ | जनज्योति नमुना माध्यमिक विद्यालय, देवचुली १४ | शौचालय तथा हल व्यवस्थापन |

११. विद्यायन समितिबाट सिफारिस भई आएको विद्यालयहरूको कार्यसम्पादनमा आधारित मूल्याङ्कन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो। साथै दफा ७ बमोजिमको विशेषज्ञ मूल्याङ्कनका लागि ७ दिने सूचना मार्फत बाह्य विज्ञ आह्वान गर्ने समेत निर्णय गरियो।

१२. आर्थिक विकास समितिको मिति २०८२।१०।१८ र १९ गतेको बैठक निर्णयहरु अनुमोदन गर्ने गरियो।

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

१३. सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास विकास कार्यक्रम सन्चालन कार्यविधि २०८२ अनुसार डेरि प्रबर्दन कार्यक्रम र साईलेज प्रबर्दन कार्यक्रमको सम्बन्धमा तपसिलका संस्थाहरुलाई अनुदान रकम उलब्ध गराउने आर्थिक विकास समितिको मिति २०८२।१०।२१ को बैठक निर्णयलाई अनुमोदन गरियो।

क. डेरि प्रबर्दन कार्यक्रम- विनियोजित वजेट रु ५,००,०००।

| क्र.सं | फर्मको नाम | ठेगाना | अनुदान रकम |
|---|---|---|---|
| १ | सकलादेवि सामाजिक उधमी महिला सहकारी संस्था लि. | देवचुली–३ | सो संस्थावाट पेश गरिएको लागत कार्ययोजना अनुसार ५०% वा वढीमा २,५०,०००।(अनुदान उपलब्ध गराउने |
| २ | दलेदले दुग्ध विकास स.स. लि. | देवचुली–१४ | सो संस्थावाट पेश गरिएको लागत कार्ययोजना अनुसार ५०% वा वढीमा २,५०,०००।(अनुदान उपलब्ध गराउने |

ख. साईलेज प्रबर्दन कार्यक्रम- विनियोजित वजेट रु ५,००,०००।

| क्र.सं | फर्मको नाम | ठेगाना | अनुदान रकम |
|---|---|---|---|
| १ | वजरंगवलि मल्टी एग्रो | देवचुली–१६ | पशु सेवा शाखा रजहरमा संचालित साइलेज उद्योगमा भौतिक संरचना सुधार |

१४. संघिय सरकार वाट हस्तान्तरित कार्यक्रम (ससर्त अनुदान ) राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम आ.व.२०८२।०८३ मा (विनियोजित रु २५ लाख ) गाईको नयाँ पकेट विकास कार्यक्रम संचालनको लागी प्राविधिक छनौट समितिको मिति २०८२।९।१८ बैठक बाट सिफारिस भएको उन्नती कृषि तथा पशुपालन समुह दे.न.पा.–७ सँग कार्यविधि अनुसार लागत साझेदारी सहित कार्यक्रम संचालन गर्ने निर्णय गरियो। साथै प्राविधिक छनौट समिति बाट सिफारिस लागत अनुमान र गाई खरिदको स्पेसिफिकेशन समेत स्वीकृत गर्ने निर्णय गरियो। विस्तृत विवरण यसै साथ संलग्न छ।

१५. संघिय सरकारबाट हस्तान्तरण कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२।८३ को विशेष अनुदान अन्तर्गत विपन्न नागरिहरुको आवास निर्माणका लागि प्रत्येक वडाहरुमा १/१ वटा घर निर्माण गर्ने निर्णय बमोजिम सम्बन्धित वडा समितिबाट निर्णय तथा सिफारिस भई आएका तपसिल बमोजिमका व्यक्तिहरुको घर निर्माण गर्ने निर्णय गरियो।

| वडा नं | व्यक्तिको नाम | वडा नं | व्यक्तिको नाम |
|---|---|---|---|
| १ | सोम बहादुरा माझी , नेत्रलाल चौधरी (बैकल्पिक) | १० | पूर्ण बहादुर लुंगेली मगर |
| २ | गंगादेवी घिताल | ११ | लक्ष्मी रेग्मी |
| ३ | रिता कुमारी | १२ | यादव वाचे |
| ४ | शेर बहादुर सुनारी | १३ | मंगल परियार दमै |
| ५ | ढाकाराम भूर्तेल | १४ | खनिसरा मसराङ्गी |
| ६ | विष्णु माया आले | १५ | विष्णु कुमारी क्षेष्ठ |

२०८२।१०।२३
अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

CS CamScanner

| | | | |
|---|---|---|---|
| ७ | शेर बहादुर वाचे | १६ | भिमे वि.क |
| ८ | लक्ष्मी भुसाल | १७ | |
| ९ | डिल्लीराम भुसाल | | |

१६. आर्थिक वर्ष २०८२/८३ मा "आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धन" शीर्षक अन्तर्गत शसर्त अनुदान मार्फत प्राप्त विनियोजित बजेट रु. ४,७२,०००/- (चार लाख बहत्तर हजार रुपैयाँ मात्र) लाई राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १९ बमोजिम स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारी उपलब्ध गराउने उद्देश्यले श्रममुखी भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्न सम्बन्धित वडाबाट विनियोजित बजेटसँग सह-वित्तीय (Matching Fund) गर्ने गरी, रोजगार प्रवर्द्धन कार्यक्रमबाट प्राप्त रकम श्रमिकको ज्यालामा मात्र खर्च हुने व्यवस्था मिलाई तपसिल बमोजिम विनियोजन गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | वडा नं. | वडा बाट विनियोजित बजेट (रु.) | रोजगार प्रवर्द्धन कार्यक्रम (रु.) |
|---|---|---|---|
| १ | १ | १,००,००० | १,००,००० |
| २ | २ | २,५०,००० | ७२,००० |
| ३ | ६ | १५०,००० | १,००,००० |
| ४ | ९ | १०,००,००० | १,००,००० |
| ५ | १३ | २,००,००० | १,००,००० |
| जम्मा | | | ४,७२,००० |

१७. देवचुली नगरपालिकाभित्र संचालित सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ६ मा अध्यनरत १० देखि १४ वर्ष उमेर समुहका छात्राहरुलाई २०८२ फाल्गुन १० देखि १४ गते सम्म महिलाहरुलाई पाठेघरको मुखको क्यानसर विरुद्दको खोप (HPV) संचालन गर्ने निर्णय गरियो।

१८. नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट आ.व २०८२/८३ का लागि पेश भएको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

१९. सडक वोर्ड नेपालबाट चालु आर्थिक वर्षमा विनियोजित २९ लाख रकमको स्वीकृत कार्यक्रम सहित सहमतिको लागी पेश गर्न तपसिल बमोजिमका सडक छनौट गरी अपुग रकम समपुरक कोषबाट समपुरण गर्ने निर्णय गरियो।

क. देवचुली माध्यमिक विद्यालय चोक देखि पश्चिम ढुङ्गाना चोक हुदै हाट बजार सम्म र दक्षिण गोविन्द मिल सम्मको सडक (लागत अनुमान रकमः २३,८९,८६२.७०)

ख. पूर्व पश्चिम राजमार्ग देखि दक्षिण १६ नं वडा कार्यालय हुदै नाथुरामको घर सम्म र चर्च चोक सम्मको सडक (लागत अनुमान रकमः २३,१०,३२८.४०)

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

२०. नव प्रवर्तन साझेदारी परियोजना अन्तर्गत कृषि पर्यटन प्रवर्दवनका लागि कृपक पाठशाला नगरपालिकाको वडा नं १,६,१० र १७ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सँग भएको सम्झौता बमोजिम संचालन गर्ने निर्णय गरियो ।

२१. इलाका प्रहरी कार्यालय रजहरलाई मासिक ३० लिटर इन्धन उपलब्ध गराउदै आएकोमा निर्वाचन प्रयोजनको लागी फाल्गुन महिनामा थप ३० लिटर उपलब्ध गराउने निर्णय गरियो ।

२२. देवचुली नगरभित्र उत्सर्जन हुने फोहोरमैलाको संकलन तथा व्यवस्थापनको लागी श्री कालिका सप्लायर्स देवचुली-०२ सँग २०८२ पौष मसान्त सम्म म्याद भएकोमा साविककै शर्तहरु बमोजिम २०८३ असार मसान्त सम्म सम्झौता म्याद थप गर्ने निर्णय गरियो ।

२३. नगरपालिका भित्र नक्सा पास नभएका तथा अभिलेखिकरण नभएका घरहरुको सम्पत्ति कर अर्को व्यवस्था नभए सम्मको लागी सेवाग्राहीलाई स्वंयम् घोषणा फारम भराई लिने व्यवस्था मिलाउने निर्णय गरियो ।

२४. देवचुली नगरपालिकामा कार्यरत करारका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङकनको आधारमा २०८२ माघ २ देखि २०८३ असार मसान्त सम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

२०८२/१०/२५

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पूर्व)
गण्डकी प्रदेश

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

❖ गाईको नयाँ पकेट विकाश कार्यक्रम संचालन अनुमानित लागत अनुमान ।

- नगरपालिकाको वजेट रु २५,००,०००।-
- समुहको सहभागिता रु २३,५१,०००।-
- कार्यक्रम संचालन हुने स्थान देवचुलि नगरपालिका वडा नं ०७

| क्र.सं. | क्रियाकलापविवरण | इकाई | परिणाम | अनुमानित वजेट रु | लागत सहमागिता | |
|---|---|---|---|---|---|---|
| | | | | | समुहको सहभागिता | नगरपालिकाको अनुदान |
| १ | उन्नत नश्लका गाई वितरण ( ५० %अनुदानमा ) | वटा | ४६ | ३६,८०,०००।- | १८,४०,०००।- | १८,४०,०००।- |
| २ | साईलेज वितरण ( ५० %अनुदानमा ) | टन | ४८.५० | ५,८२,०००।- | २,९१,०००।- | २,९१,०००।- |
| ३ | Cow Mat वितरण ( ५० %अनुदानमा ) | वटा | ४६ | २,७६,०००।- | १,३८,०००।- | १,३८,०००।- |
| ४ | ३ दिने व्यवसायीक गाई पालन तालिम | पटक | १ | ४०,०००।- | - | ४०,०००।- |
| ५ | गाइको विमा शुल्क | पटक | १ | ४०,०००।- | ४०,०००।- | - |
| ६ | अनुगमन तथा अन्य व्यवस्थापन खर्च | पटक | १ | २५,०००।- | - | २५,०००।- |
| ७ | औषधी वितरण तथा रोग नियन्त्रण | पटक | १ | १,२४,०००।- | - | १,२४,०००।- |
| ८ | वर्षे घाँसको विउ वितरण ( ५० %अनुदानमा ) | के.जि. | ७०० | ८४,०००।- | ४२,०००।- | ४२,०००।- |
| | | | जम्मा | ४८,५१,०००।- | २३,५१,०००।- | २५,००,०००।- |

खरिद गरिने गाईको स्पेशिफिकेशन

| क.स. | विवरण | गुणहरु | कैफियत |
|---|---|---|---|
| १ | जात | उन्नत जातको वणशंकर(जर्सि/होलिस्टेन कस) | |
| २ | उमेर | ४ देखि ६ वर्ष | |
| ३ | वेत | २ देखि ३ | |
| ४ | रंग | कालो सेतो,रातो सेतो मिसिएको | |
| ५ | दैनिक दुध उत्पादन | १२ लि.देखि माथि | |
| ६ | शरिरिक वनावट | कुनै प्रकारको खोट नभएको | |
| ७ | BCS | २.७५ देखि ३.५ सम्म | |
| ८ | दुधे नशा,कल्चौडो | प्रष्ट देखिने तथा कल्चौडो मिलेको चारै थुनवाट दुध आउनुपर्ने । | |
| ९ | व्यवहार | नराम्रो वानि जस्तो दुध दुहुने वेला खुट्टा हान्ने ,प्रजनन विकृति नभएको | |
| १० | मुल्य | प्रति गाईको अधिकतम मुल्य रु ९०,०००।-हुनेछ । | |

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

CamScanner